'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : १४९ शुक्रवार ११ माघ, २०८१ 24 (Friday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### राम्रो गर्न खोज्दा दलालहरुले मलाई सरकारबाट हटाए

## भ्रष्टाचार बिरुद्ध र सुशासनका पक्षमा काम गर्दै थिए सरकारबाट हटाइयो : प्रचण्ड

नमस्ते समचारदाता
नेपालगञ्ज, माघ/१०



माओवादी केन्द्रका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफू तेश्रो पटक प्रधानमन्त्री भएको समयमा देशमा सुशासन कायम गर्न र देशमा ब्याप्त भ्रष्टारचार बिरुद्ध निर्मम भएर काम गर्दै गरेको देखेर नेपालका केही नेताहरु अब प्रचण्डले हामीलाई बाँकी राख्दैन भन्ने निष्कर्ष निकालेर केही बिचौलिया र दलालहरुको सहयोगमा काँग्रेस एमाले मिलेर आफ्नो नेतृत्वको सरकारलाई हटाएको बताए । प्रचण्डले काँग्रेस र एमाले असंवैधानिक बाटोबाट मिलेर गठबन्धनको सरकार बनाए र अदालतले त्यसमा सर्मथन गरिदिनु भनेको यो सरकार संविधान अनुसार बनेको होइन भन्ने गतिलो प्रमाण भएको दाबी गरे । बिहिबार प्रचण्डले नेकपा माओवादी केन्द्रको खजुरा गाउँपालिका अधिवेशनको उद्घाटन गर्दै सो कुरा व्यक्त गरेका हुन । अध्यक्ष प्रचण्डले माओवादी केन्द्रको गाउँपालिकाको अधिवेशनको उद्घाटन तथा वर्तमान सरकारले गरेका भ्रष्टाचारी जोगाउन गरेका कामहरुको भण्डाफोर गर्न भन्दै भण्डाफोरसभालाई सम्वोधन गर्दै वर्तमान सरकार अवैधानिक भएको समेत आरोप लगाए । प्रचण्डले भने, मैले संविधानको धारा ७६को ६ अनुसार विश्वासमा मत लिने अवस्थामा पुगे र म सो मतदानमा असफल भए पश्चात संविधान अनुसार संविधानको धारा ७६ को ३ अनुसार प्रतिनिधिसधामा सबै भन्दा ठूलो दलको नेतृत्वमा सरकार बन्नु पर्ने प्रावधान हुँदाहुँदै काँग्रेस एमालेले संविधानलाई कुल्चेर ७६ को २ अनुसारको सरकार बनाए । त्यसैले मैले यो सरकार अवैधानिक हो भनेको हुँ ।' प्रचण्डले अगाडि अझ थपे, 'मेरो नेतृत्वको सरकारले देशमा भएका ठुला ठूला भ्रष्टाचारका बिरुद्ध अभियान चाल्दै गर्दा ठूलो पार्टीका प्रमुख नेताहरुलाई छटपटी भयो र अब प्रचण्डले हामीलाई पनि छोड्दैन भन्ने सोचेर नै रातारात बिचौलियाको घरमा बसेर मेरो नेतृत्वको सरकार हटाउने योजना बनाए । माओवादी केन्द्रसँग थोरै सिट भयो । जम्मा ३२ सिट मात्र । उनीहरुकै भरमा सरकार बनाएर पनि सुशासन र भ्रष्टाचारको बिरुद्धमा केही नमुना कामको शुरुवात गरेको थिएँ ।' आगामी निर्वाचनमा माओवादी केन्द्रलाई ०६४ सालको जस्तै बहुमत दिनु भयो भने यो देशबाट भ्रष्टाचारलाई निर्मूल गरेर देशलाई सुशासन र संवृद्ध अवस्थामा पुऱ्याउन सक्ने प्रचण्डले दाबी गरे । त्यसको लागि उनलाई जनता सामु अपिल समेत गरका छन् । प्रचण्डले बाँकेको खजुरामा जनयुद्धका शहिदहरुको सालिक अनावरण गर्नुका साथै शहिद परिवारकै घरमा उनीहरुसँगै खाना पाएका थिए । शहिद परिवार हरुसँग उनीहरुका समस्याहरुको बारेमा जानकारी लिएका थिए । त्यस्तै बिहिबार नै नेपालगञ्ज उद्योग बाणिज्य संघको आयोजनामा बिहिबारबाट शुरु भएको ''प्रादेशिक महोत्सव २०८१'' को समेत प्रमुख अतिथिको रुपमा उद्घाटन गरेका थिए ।

## नेपालगन्जमा प्रादेशिक महोत्सव–२०८१ शुरु

नमस्ते समचारदाता
बाँके, माघ/१०




नेपालगन्ज उद्योग वाणिज्य संघले आयोजना गरेको प्रादेशिक महोत्सव २०८१ बिहीबारदेखि नेपालगञ्जको सडकविभागको मैदानमा शुरु भएको छ । पूर्वप्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बिहिबार महोत्सवको उद्धाटन गरेका हुन । महोत्सवको पूर्वसन्ध्यामा नेपालगन्ज उद्योग वाणिज्य संघ परिसर त्रिभुवन चोकबाट विभिन्न सांस्कृतिक भेषभूषासहितका झाँकीसहितको ऱ्याली निकालिएको छ । ऱ्याली त्रिभुवनचोक, विपीचोक, धम्बोझीचोक, पुष्पलाल चोकहुँदै कार्यक्रमस्थल कारकाँदोस्थल सडक डिभिजन परिसरसम्म पुगेको थियो । विहान ११ बजेदेखि सुरु गरिएको ऱ्यालीमा गुरुङ, मगर, नेवार, शेर्पा, थारुलगायत विभिन्न जातजातिहरुले आआफ्ना पहिचान, संस्कृति, भेषभूषा झल्कने झाँकीसहित सहभागिता जनाएका छन् । विभिन्न जिल्लाबाट नेपालगन्ज आई बसोबास गरेका नागरिहरुले आफ्ना जिल्लाको पहिचान झल्किने गरी झाँकी प्रदर्शन गरेका छन् । ऱ्यालीमा विभिन्न समुदाय, संघसंस्था तथा विद्यालयका विद्यार्थी लगायत सयौं सर्वसाधारणको सहभागिता रहेको थियो । महोत्सवमा करिब एक करोड रुपियाँको खर्च लागत हुने अनुमान गरिएको सो महोत्सव अवधिभर ५० लाख रुपियाँ आम्दानी हुने अनुमान गरिएको नेपालगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष टङ्क धामीले जानकारी गराए । धामीका अनुसार करिब तीन लाख जनाले महोत्सवको अवलोकन गर्नेछन् । महोत्सवमा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा उत्पादित खाद्य वस्तु र जडिबुटी, कृषि, पर्यटन, अटो मोबाइल्स लगायत ३५० स्टल राखिएको छ । महोत्सव अवलोकनका लागि विद्यार्थीलाई ७० रुपियाँ र सर्वसाधारणका लागि १०० रुपियाँको टिकटको व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## प्रचण्डद्वारा खजुरामा बहुउद्देश्यीय सभाहलको उद्घाटन

नमस्ते समचारदाता
नेपालगन्ज, माघ/१०



नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाँकेको खजुरा गाउँपालिकाको खजुरा बजार स्थित निर्माण गरिएको पाँच सय जना क्षमताको बहुउद्देश्यीय सभाहलको उद्घाटन गरेका छन् । खजुरा गाउँपालिकाले करिब पाँच करोड रुपैयाँ लागतमा निर्माण गरेको सो सभाहलको अध्यक्ष प्रचण्डले बिहीबार उद्घाटन गरेका हुन् । सभाहलको उद्घाटन कार्यक्रममा बोल्दै अध्यक्ष प्रचण्डले बहुउद्देश्यीय सभाहलले विकासको आकाङ्क्षा सम्बोधन गर्न र समृद्ध खजुरा बनाउन सहयोग पुग्ने धारणा राखे । सभाहल दुई वर्षमा सम्पन्न गर्नेगरी २०७६ जेठ २१ गते अमर कन्स्ट्रक्सन प्राली कालिमाटी काठमाडौंसँग सम्झौता भएको थियो । यसको लागत अनुमान ६ करोड ४२ लाख ८९ हजार ७९० रुपैयाँ रहेकोमा ४ करोड ८५ लाख ६१ हजार ५६१ रुपैयाँमा निर्माण सम्झौता भएको हो । सभाहल ३ हजार ९९९ वर्गमिटर क्षेत्रफलको छ । यसैगरी, माओवादी अध्यक्ष प्रचण्डले खजुरा ३ स्थित जनता नमुना माविमा निर्माण भएको स्मारकको समेत उद्घाटन गरेका छन् । स्मारक करिब ५० लाखको लागतमा निर्माण भएको खजुरा गाउँपालिकाका इन्जिनियर सोनु शाहले जानकारी दिए । पालिकाको २९ लाख १० हजार र स्थानीय जनश्रमदान १९ लाख ५४ हजार ९०६ रुपैयाँको लागतमा स्मारक निर्माण गरिएको हो । यसअघि अध्यक्ष प्रचण्डले खजुराको धौलागिरीमा सहिद डम्बर रानाभाटको घरमा सहिद परिवारका सदस्यसँग भेटघाट गरेका थिए । खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विक र उपाध्यक्ष मन्जु मल्लले पालिकाभित्र निर्माण भइरहेका गौरवका आयोजनाहरुको प्राथमिकता दिएर काम अघि बढाएको जानकारी अध्यक्ष प्रचण्डलाई गराएका थिए ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## यातायात सम्बन्धी सबै सेवा प्रदान हुनुपर्छ

बुधबार लुम्बिनी प्रदेश सरकारका उद्योग पर्यटन तथा यातायात मन्त्री प्रचण्डबिक्रम न्यौपानेले यातायात व्यवस्था शाखा कार्यालयको उद्घाटन गरेसँगै कोहलपुर यातायात कार्यालयबाट प्रदान गरिने सेवाहरु मध्ये ब्लुबुक, लाइसेन्स नवीकरण र पटके सेवा सम्बन्धी सृवाहरु प्रदान गर्न थालिएको छ। कोहलपुर नगर विकास समितिको स्वामित्वमा रहेको कोहलपुर नगरपालिका वडा नं ११मा पुरानो बसपार्कको भवनलाई रंगरोगन तथा आवश्यक व्यवस्थापन गरेर शाखा कार्यालयको स्थापना गरिएको छ। कार्यालयका लागि आवश्यक पर्ने सबै भौतिक पूर्वाधारहरू तयार गरी यातायात व्यवस्था विभागको केन्द्रीय डिजिटल आनलाइन प्रविधिमा सोझै लिक्त जोडेर कोहलपुर बाट प्रदान गरिने सबै सेवाहरुलाई डिजिटल सिस्टमबाट हुने भएका छन्। यातायातको कोहलपुरमा शाखा कार्यालय विस्तार गरेर सेवालाई विस्तार गर्ने कुरा अन्तिम चरण पुग्दै गर्दा नेपालगञ्जसवासीहरुले यातायात कार्यालय कोहलपुर सार्न पाइदैन भनेर विरोध समेत गरेका थिए। प्रदेश सरकारले नै नेपालगञ्जमा रहेको यातायात कार्यालय कोहलपुर सार्न लागेको नभई अहिलेको आवश्यकता तथा सेवाको चापलाई ध्यान दिएर सेवा विस्तार गर्न लागेको मात्र हो भनेर स्पष्ट पार्न परेको पनि थियो। बुधबार शाखा कार्यालयको उद्घाटन गर्दै लुम्बिनी प्रदेश सरकारका माननीय उद्योग पर्यटन तथा यातायात मन्त्री प्रचण्डबिक्रम न्यौपानेले संघीयताको मर्म अनुसार नै नागरिकहरुलाई प्रदान गरिने सेवालाई उनीहरुको पहुँच  तथा प्रभावकारीतालाई ध्यान दिएर नेपालगञ्जमा रहेको यातायात व्यवस्था कार्यालयको शाखा कार्यालयको रुपमा कोहलपुर बाट सेवा शुरु गरिएकोमा कोहलपुरवासीहरुलाई बधाई पनि व्यक्त गरे। अब कोहलपुरबाट दिने सेवाहरुमा हाल ब्लुबुक, लाइसेन्स नवीकरण र पटके सेवा मात्र दिने गरिको छ। अब आगामी आर्थिक वर्ष देखि यातायात कार्यालयबाट प्रदान गरिने सबै सेवाहरु प्रदान गरिने व्यवस्था गरिनु पर्छ । चालु आर्थिक वर्षमा यातायातको कोहलपुर शाखा सञ्चालनका लागि प्रदेश सरकारले कुनै बजेट समेत नछुट्याएकोले हाल कार्यालयको सबै काम नेपालगञ्जबाट खटिएका कर्मचारीबाटै गर्नु पर्ने अवस्था रहेकोछ। अगामी आर्थिक वर्ष देखि शाखामा आवश्यक पर्ने कर्मचारीको दरबन्दी स्वीकृत गराई सबै सेवा प्रदान गर्नु पर्दछ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# कम्युनिस्ट नेता, आफ्नैलाई बैरी



नरेन्द्र साउद



माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई लागेको थियो-मोहन वैद्य, नेत्रविक्रम चन्द (विप्लव), सीपी गजुरेलहरूले पार्टी छोड्दा 'पिलो निचोरियो' । बाबुराम भट्टराईले अलग पार्टी गठन गर्दा प्रचण्डले 'हाइसञ्चो' माने । किनभने, आफ्ना 'प्रतिस्पर्धी' ले पार्टी छोडे पार्टीमा आफ्नो एकछत्र राज हुनेछ । बाचुञ्जेल 'सुप्रिमो' बनिरहने सपनामा प्रश्न गर्ने कोही पनि हुने छैनन् । तर, एकपछि अर्को सहयोद्धाले पार्टी छोड्दै गएपछि प्रचण्ड कमजोर बन्दै गए। माओवादी आन्दोलन निरन्तर ओरालो लाग्यो । ०६४ को पहिलो संविधानसभामा 'भिमकाय' रूप खिइँदै, पातलिँदै गयो, तेस्रो स्थानबाट माथि उठ्नै सकेन। एमालेले पनि त्यही नियति नभोग्ला भन्न सकिन्न । माधव नेपाल, झलनाथ खनालहरूले पार्टी छोड्दा एमाले नेतृत्वमा 'खुसी' छायो । भीम रावललाई निष्कासन गरेकोमा नेतृत्वले 'गौरव' महसुस गरिरहेको छ । तर, स्थापित नेताहरू एकपछि अर्को निस्कँदै गर्दा एमालेको आन्तरिक जीवनमा मात्र होइन, राष्ट्रिय राजनीतिमा पनि कहीँ न कहीँ असर परिरहेको छ । माधव नेपालहरूले चुनाव 'नजिते' पनि ०७९ को चुनावमा एमालेलाई पहिलो शक्ति बन्नबाट रोकेकै हुन्। मिसन ०८४ मा पनि एमालेका लागि अरू कोही नभई पार्टीबाट अलग भएकाहरू नै 'चुनौती' बन्ने निश्चित छ । किनभने उनीहरू आफू चुनाव जित्लान-नजित्लान, तर एमालेलाई जित्नबाट रोक्न सक्ने सामर्थ्य भने पक्कै राख्छन्। त्यसैकारण, स्थापित नेता मात्र होइन, एक समर्थक-मतदाता-कार्यकर्ता पार्टीबाट अलग हुँदा पनि नेतृत्वले 'कहाँ, के कमजोरी' भएछ भनेर आत्ममूल्यांकन गर्नैं पर्छ । किनभने, व्यक्ति-व्यक्ति मिलेर संगठन बन्छ। व्यक्ति-व्यक्तिले छोड्दै गए संगठन भताभुंग हुन्छ, कमजोर हुँदै जान्छ, यो त संगठनमा विश्वास गर्ने कम्युनिस्ट नेतालाई सिकाइ रहनै पर्दैन ।

**तुच्छ बोली, असहिष्णु व्यवहार**

मंसिर २२ गते कांग्रेसको कोशी प्रदेश भेला विराटनगरमा राखिएको थियो । तर, शेखर कोइरालाले ४ दिनअघि नै विराटनगरमा 'गुटको भेला' गरे । पार्टी सभापति शेरबहादुर देउवाले पार्टीको १५औं महाधिवेशन समयमा नगर्न आलटाल गरिरहेको भन्दै देउवामाथि दबाब बढाउन गुटका नेता-कार्यकर्तालाई आह्वान गरे । मंसिर २२ गते देउवाले प्रदेश भेलालाई सम्बोधन गरे। भोलिपल्टै विराटनगरस्थित शेखर निवास पुगे । शेखर पत्नी पुनमले बनाएको चिया खाए । देउवाले शेखर निवासमा कोइराला परिवारका सदस्यसँग पारिवारिक कुराकानी गरे । गुटको भेलामा शेखरले लगाएका 'आरोप' बारे कुनै गुनासो गरेनन् । तर, यता एमालेमा भने भिन्न दृश्य देखियो । 'पार्टीका निर्णयमा प्रश्न उठाएको, नेतृत्वमाथि लाञ्छना लगाएको, पार्टीको विधि र नीति नमानेको भन्दै पूर्वउपाध्यक्ष एमालेलाई पार्टीबाट निष्कासन गरियो । भाटभटेनीका साहुको 'दान' मा पार्टीको मुख्यालय बनाउनु उचित होइन भन्ने भनाइ राखेकै आधारमा नेताहरू विन्दा पाण्डे र उषाकिरण तिमिल्सेनालाई ६ महिना पार्टीबाट निलम्बन गरियो । पूर्वउपाध्यक्ष रावललाई पार्टीले निष्कासन गरेपछिका नेतृत्व र रावलबीचका आरोप-प्रत्यारोप, प्रयोग भएका भाषाशैली र असहिष्णु बोली सुन्दा राजनीतिप्रति नै उदेक लाग्ने अवस्था छ। हुन त, कम्युनिस्टहरूको रोग नै हो-मन नमिल्दा, स्वार्थ बाँझिदा वा पार्टीबाट अलग हुनुपर्दा एकले अर्कोलाई तुच्छ व्यवहार गर्ने, असभ्य गालीगलौज गर्ने र निष्कृष्ट लाञ्छना लगाउने कुसंस्कार नै छ। विगतमा एमाले-माले विभाजन हुँदा होस् वा माओवादीबाट अनेक हाँगाबिगा निस्कँदा हुन्, निकृष्ट आरोप-प्रत्यारोपका शृंखला चलेकै हुन्, भविष्यमा पनि दोहोरिने नै छन् । तर, कांग्रेसमा भने त्यस्तो कुसंस्कार कमै देखिन्छ। कांग्रेस विभाजन भएर प्रजातान्त्रिक कांग्रेस बन्दा पनि गिरिजाप्रसाद कोइराला र शेर बहादुर देउवाबीच व्यक्तिगत कुण्ठा, आरोप-प्रत्यारोप र लाञ्छना लगाइएका घटना विरलै मात्र देखिए । त्यसैकारण, कांग्रेस एकीकरण पछि प्रजातान्त्रिक कांग्रेसको नेतृत्व गरेका देउवा सिंगो कांग्रेसमा सर्वस्वीकार्य नेता बने। कांग्रेस र प्रजातान्त्रिक कांग्रेस भनेर पार्टीमा कहिल्यै 'कित्ता' देखा परेनन् । तर, सिद्धान्त, विचार मन र नेतृत्व नमिल्दा अलग हुने कम्युनिस्टहरू आफ्ना व्यवहार, शैली, बोलीका कारण एकै ठाउँ उभिने अवस्था आए पनि 'मनैबाट, तनैबाट' कहिल्यै मिल्न सक्दैनन् । त्यसैकारण माओवादीमा 'युद्ध लडेका र पछि खान आएका' भन्ने गुट जीवितै छन् । एमालेमा पूर्वमाले, १० बुँदे र पूर्वमाओवादी 'समूह' कुनै न कुनै रूपमा अस्तित्वमा छन्। एकीकृत समाजवादीमा 'नेपाल र खनाल' गुट जीवितै छन्। मौका मिल्दा तीनले आ-आफ्ना गुट सक्रिय बनाउने र नेतृत्व हत्याउन पछि पर्ने छैनन् । त्यसैकारण नेताहरूका तुच्छ बोली र असहिष्णु व्यवहारले नयाँ पुस्तामा कम्युनिस्ट पार्टीप्रति खासै आकर्षण देखिँदैन। पुराना नेताबीचको काटाकाट र मारामारका घटनाले दिन प्रतिदिन कम्युनिस्ट आन्दोलन खिइँदै गएको छ।

**कम्फोर्ट त वाम गठबन्धन नै हो कि ?**

दुई ठूला दलको गठबन्धन, झन्डै दुईतिहाइको बहुमतसहित एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री छन् । झट्ट हेर्दा, बलियो र स्थिर सरकार । तर, सरकार जति बलियो देखिन्छ, जग त्यस्तो छैन। मनैबाट डर छ -त्यसैकारण प्रधानमन्त्री ओली आफैं आफ्नो सरकारको 'काउन डाउन' गरिरहेका छन्। कांग्रेसले कुनै पनि बेला काँध फेर्न सक्ने आशंका, डर र त्रास बोकेर सत्ताको चाबी घुमाइरहेका छन् । आन्तरिक मात्र होइन, क्षेत्रीय-अन्तर्राष्ट्रिय शक्ति केन्द्रले कांग्रेसमाथि दबाब बढाएका छन् अविलम्ब एमालेसँग सहकार्य तोड्न । तर, कांग्रेसले शक्ति केन्द्रलाई भनिरहेको छ हामीले सरकार छोडे, वाम गठबन्धनको सरकार बन्छ। तिमीहरूले चाहेको त्यही सरकार हो त ?' कांग्रेस संस्थापन पक्षको अर्को तर्क छ - माओवादीसँग हाम्रो दूरी बढेको छ। रास्वपासँग सम्बन्ध बिग्रँदै गएको छ। तत्काल कांग्रेसको नेतृत्वमा वैकल्पिक सरकार बन्ने आधार छैन । यसबाहेक एमालेसँग मिल्नुको अर्को कुनै कारण होइन।' त्यसैकारण शक्ति केन्द्रका 'दबाब, प्रभाव र आग्रह' लाई बेवास्ता गरेर कांग्रेस एमालेसँगको सहकार्यमा छ । शक्ति केन्द्रले वैकल्पिक सरकारको सुनिश्चिता गरे कांग्रेसले कुनै पनि बेला काँध फेर्न पछि हट्ने छैन । कांग्रेस 'शंकाको सुविधा' सहित प्राविधिक रूपमा मात्रै सरकारमा छभन्दा अत्युक्ति नहोला। त्यसैकारण क्षेत्रीय-अन्तर्राष्ट्रिय शक्ति सन्तुलन, सरकारका निर्णय र प्राथमिकतामा कांग्रेस र प्रधानमन्त्रीबीच तालमेलमा समस्या देखिन्छन्। निश्चितै छ - कांग्रेसले काँध फेरेको दिन एमालेका लागि पनि वामगठबन्धनको नारा लगाउनुको विकल्प हुने छैन । त्यस्तो स्थितिमा फेरि पनि संसद्मा रहेका वामहरू एक ठाउँ उभिने र उनीहरूकै नेतृत्वमा वैकल्पिक सरकार बन्ने सम्भावना कायमै छ । माओवादी केन्द्र, एकीकृत समाजवादी लगायतका साना वाम दल पनि कति दिन कांग्रेसको सहारामा बाँच्ने भन्ने प्रश्न त उठिरहेकै छ। कांग्रेस आफैं समस्या-संकटमा अल्झिरहेका बेला ०८४ मा किन कम्युनिस्टलाई बलियो बनाउन लाग्ला र ? यो प्रश्नको गाम्भिर्तालाई जति छिटो मनन गरियो, त्यति नै उनीहरूको स्वास्थ्य राम्रो हुने निश्चित छ। हुन त, ०७४ मा झन्डै दुईतिहाइको वाम सरकार थियो । नेताहरूका व्यक्तिगत स्वार्थ, इगो र उन्मादका कारण आपसी झैझगडा, वेमेल र दुष्मनीले वाम आन्दोलन छिन्न भिन्न भयो । कोही कांग्रेसको फेर समाउँदै वैतरणी तर्नीतिर लागे, कोही 'मण्डले' लाई काखमा राखेर शक्ति आर्जनको यात्रामा निस्के। त्यसपछिका दिनमा पनि मौका मिल्नासाथ एकले अर्कोलाई झुक्याउन, सिध्याउन र अस्तित्वै नामेट पार्न कसैले-कसैलाई बाँकी राखेनन् । धोखाधडी, बेइमानी, छलकपट र इगोका कारण उनीहरू एक ठाउँमा उभिन नमिल्ने गरी विभाजित छन् । तर, मौका मिल्नासाथ फेरि पनि वामगठबन्धनको रटान लगाएर कार्यकर्ताका मुख, आँखा र कान बन्द गराउन सक्छन् । परिस्थितिले उनीहरूलाई फेरि एक ठाउँ उभ्याउने अवस्था छिट्टै नआउला भन्न सकिन्न। क्षेत्रीय-अन्तर्राष्ट्रिय दबाब, स्वार्थको बेमेल, मिसन ०८४ र ठूला दलप्रतिको 'अनाकर्षण एवं असन्तुष्टि' का कारण कांग्रेस लामो समयसम्म एमालेसँग सहकार्यका पक्षमा देखिँदैन। हुन पनि, सँगै सत्तामा रहेर मिसन ०८४ मा एमालेविरुद्ध कांग्रेसले कसरी भोट माग्न सक्ला र ?  हालको स्थितिले कांग्रेस र एमाले नै एक अर्काका प्रतिस्पर्धी हुन् । दुवै दल सत्तामा रहेर 'जस अपजस' को हिसाव बराबर गरी चुनावमा भोट माग्दा जनताले कसलाई रोज्ने ? किन पत्याउने ? को हो विकल्प ? प्रश्न गम्भीर रूपमा उठ्नेछ । त्यसैकारण, कांग्रेससँगको एमाले गठबन्धन जति अमिल्दो लाग्छ, कम्युनिस्ट बीचको एकता त्यति नै प्राकृतिक हुन्छ । अब छुट्टाछुट्टै नाङ्ला पसल थाप्ने र एकले अर्कोलाई होचो देखाएर आफू अग्लो हुने प्रवृत्ति नत्यागेसम्म वाम आन्दोलन अघि बढ्न सक्दैन। नत्र, दुईतिहाइबाट बहुमत, बहुमतबाट अल्पमत हुँदै इतिहासमा 'यदुवंशी' हरू जस्तै नामेट हुन बेर लाग्दैन ।

*-अन्नपूर्ण*

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

# कुनै पालिकामा पाँच वटा केन्द्र, कतै एउटा मात्रै

नमस्ते समचारदाता
बैतडी, माघ/१०



माध्यमिक शिक्षा परीक्षा (एसइई) को परीक्षा केन्द्र कुनै पालिकामा पाँच वटा त कुनैमा एउटा मात्र हुँदा विद्यार्थीले सास्ती भोग्नु परेको छ। परीक्षा केन्द्र पायक पर्ने ठाउँमा नहुँदा सुगमबाट एक दिन पैदल दुरीमा हिँडेर दुर्गम गाउँमा डेरा खोज्नुपर्ने बाध्यता छ। परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीले यही माघ २ गते ७७ वटै जिल्लालाई परीक्षा केन्द्रसम्बन्धी सातबुँदे परिपत्र जारी गर्दै परस्पर परीक्षा केन्द्र राख्न नपाइने, परीक्षा केन्द्र कायम गर्दा हिमालमा १५०, पहाडमा २५०, तराई, भित्री मधेश र उपत्यकामा तीन सय जनाभन्दा कम र चार सय जनाभन्दा बढी नहुने गरी कायम गर्नुपर्ने निर्देशन दिएको छ। एसइईमा सहभागी हुने १२९ वटा विद्यालयका लागि बैतडीमा २५ वटा परीक्षा केन्द्र छन्। परीक्षाको मापदण्ड अनुसार होम सेन्टर पर्न नहुने भएपछि दुर्गमका गाउँपालिकाका विद्यार्थीलाई एक दिन पैदल हिँड्नुपर्ने अवस्था आएको छ। शिक्षा विकास तथा समन्वय एकाइ बैतडीको तथ्याङ्क अनुसार शिवनाथ गाउँपालिका र पञ्चेश्वर गाउँपालिकामा एक/एक परीक्षा केन्द्र छन्। अर्को दुर्गम सिगास गाउँपालिकामा दुई वटा परीक्षा केन्द्र छन्। दशरथचन्द नगरपालिकामा भने पाँच वटा परीक्षा केन्द्र छन्। पुर्चौंडी नगरपालिकामा चार वटा, मेलौली नगरपालिकामा तीन, डिलासैनी गाउँपालिकामा तीन, पाटन नगरपालिका, सुर्नया गाउँपालिका र दोगडाकेदार गाउँपालिकामा दुई/दुई वटा परीक्षा केन्द्र छन्। एउटा मात्रै एसइई परीक्षा केन्द्र रहेको पञ्चेश्वर गाउँपालिका-३, कुलाउँका विद्यार्थी मेलौली नगरपालिका-४, तिताबै परीक्षा केन्द्र धाउने गरेका छन्। तिताबैमा खान बस्न बजार नहुँदा गाउँ डुलेर डेरा खोज्नुपर्ने बाध्यता छ। त्यसै गरी एउटा मात्रै परीक्षा केन्द्र रहेको शिवनाथ गाउँपालिकाका विद्यार्थीले पनि यस्तै समस्या भोग्दै आएका छन्। दुई वटा परीक्षा केन्द्र रहेको सिगास गाउँपालिका-२ स्थित अर्जुन मावि गाँजरीका विद्यार्थीले एक दिन पैदल सिगास-८ को लेक लुपुण मावि गढ र लेकलुपुणका विद्यार्थीले गाँजरी केन्द्रमा परीक्षा दिँदै आएका छन्। लेकलुपुण परीक्षा केन्द्रनजिक खान, बस्न र बजारको समस्या हुँदा दालचामल र भाँडाकुँडा बोकेर गाउँमा डेरा खोज्नुपर्ने बाध्यता छ। पाँच वटा परीक्षा केन्द्र रहेको दशरथचन्द नगरपालिकामा यस्तो समस्या नभए पनि दुई वटा परीक्षा केन्द्र रहेको सिगास गाउँपालिका, एउटा मात्रै परीक्षा केन्द्र रहेका शिवनाथ गाउँपालिका र पञ्चेश्वर गाउँपालिकाका विद्यार्थीले थप सास्ती भोग्नुपर्ने भएको छ। मापदण्ड अनुसार परीक्षा केन्द्र थप गर्न २५० जना परीक्षार्थी पुग्नुपर्ने शिक्षा विकास तथा समन्वय एकाइ बैतडीका कार्यालय प्रमुख नरेन्द्रप्रसाद अवस्थीले बताउनुभयो। उहाँले भन्नुभयो, "परीक्षा केन्द्र थप गर्न २५० जना विद्यार्थी हुनुपर्ने मापदण्ड तोकिएको छ। बैतडीमा २५ वटा परीक्षा केन्द्र छन्। मापदण्ड अनुसार २५ वटा परीक्षा केन्द्रमा २५० का दरले छ हजार २५० विद्यार्थी हुन आउँछन्। जिल्लामा साढे पाँच हजारभन्दा बढी विद्यार्थी छैनन्। यस्तो अवस्थामा परीक्षा केन्द्र थप हुने अवस्था देखिँदैन।" परीक्षा केन्द्र थप गर्न नसकिने भए पनि सुगम ठाउँमा परीक्षा केन्द्र कायम गर्न गाउँपालिकाका विद्यालय निरीक्षकसँग समन्वय गरिने अवस्थीले बताउनुभयो। विसं २०८० को एसइईमा चार हजार ८९४ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए। तीमध्ये ३१.४९ प्रतिशत परीक्षार्थी मात्रै उत्तीर्ण भएका थिए। होम सेन्टर नराख्ने नाममा विद्यार्थीलाई अर्को विद्यालयमा पठाउनुभन्दा शिक्षकलाई सेवा सुविधा थपेर अर्को विद्यालयमा केन्द्राध्यक्ष तोक्न उपयुक्त हुने डिलासैनी गाउँपालिकाका अभिभावक आँसु मालले बताउनुभयो। उहाँले यो विषयमा आफूले मन्त्रालय र परीक्षा केन्द्रका विज्ञलाई एसइईको मूल्याङ्कन प्रणाली वैज्ञानिक बनाउन खुला पत्र लेखेको बताउनुभयो।

# अस्पताल बन्यो, छैन जनशक्ति

नमस्ते समचारदाता
कालीकोट, माघ/१०




जिल्ला अस्पताल कालीकोटको नयाँ भौतिक संरचना तयार भए पनि दक्ष जनशक्ति भने उपलब्ध भएको छैन। जिल्ला अस्पतालका लागि निर्माण भएको भवन बाहिरबाट हेर्दा राम्रो र आकर्षक देखिए पनि सेवाको गुणस्तर भने कमजोर रहेको पाइएको छ। गुणस्तरीय सेवा विस्तारका लागि जनशक्तिको सधैँ अभाव भइरहेको छ। अस्पतालका प्रमुख डा. भीष्मप्रसाद पोखेलले जनशक्तिको अभाव भएको उल्लेख गर्दै यसका लागि पहल गरिदिन आग्रह गर्नुभयो। सोमबार अस्पतालको नयाँ भवन निरीक्षणमा आउनुभएका कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री महेन्द्र बहादुर शाहीसमक्ष अस्पताल प्रमुख डा. पोखेलले सङ्घ सरकारले ५० शय्या अस्पतालको अनुमति दिने निर्णय गरे पनि प्रदेश सरकारले त्यसलाई रोकेको आरोपसमेत लगाउनुभयो। उहाँले जनशक्तिको व्यवस्थापनका लागि छिट्टै प्रदेश सरकारसँग समन्वय गरिदिन आग्रह गर्नुभयो। अस्पतालका चिकित्सक र प्रशासनको आग्रहलाई स्वीकार गर्दै पूर्वमुख्यमन्त्री शाहीले तत्काल राम्रो भौतिक संरचनाको भरपुर उपभोग गर्दै बिरामीलाई सेवा दिन सुझाव दिनुभयो। कालीकोटबाट निर्वाचित प्रतिनिधि सभा सदस्यसमेत रहेका शाहीले आफूले प्रदेश र सङ्घ सरकारसँग थप जनशक्ति व्यवस्थापनका लागि पहल गर्ने भन्दै तत्काल जुन जनशक्ति यहाँ उपलब्ध छ, त्यही जनशक्तिले भरपुर सेवा दिन दत्तचित्त रहन निर्देशन दिनुभयो। अस्पतालको अवस्थाबारे जानकारी लिन जिल्ला समन्वय समितिका प्रमुख धनजित शाही, अस्पताल विकास समितिका अध्यक्ष रमेश मल्ल, अस्पताल प्रमुख, चिकित्सकहरू सहभागी हुनुहुन्थ्यो। अस्पतालका कर्मचारीले जनशक्तिको व्यवस्थापन गर्न सङ्घीय र प्रदेश सरकारको ध्यानाकर्षण गराएका थिए।

# बैजनाथकमा ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण

नमस्ते समचारदाता
कोहलपुर, माघ/१०




जाडो बढेपछि बाँकेको बैजनाथ गाउँपालिकाले ७०० जना जेष्ठ नागरिकहरुलाई न्यानो कपडा र फाइबर सिरक वितरण गरेको छ। "जेष्ठ नागरिक प्रेरणाका श्रोत हुन" भन्ने भनाइका साथ, बैजनाथ गाउँपालिकाले ६९ र ७० वर्ष उमेर समूहका जेष्ठ नागरिकहरुलाई न्यानो कपडा र फाइबर सिरक वितरण गरेको जनाएको छ। बैजनाथ गाउँपालिकाका अध्यक्ष प्रकाश बहादुर शाहीले न्यानो कपडा र सिरक वितरण गर्दै भने, 'जेष्ठ नागरिक हाम्रा अभिभावक हुन्। भगवान खोज्न कतै जानुपर्दैन, जेष्ठ नागरिक र घरका आमा-बुवालाई सेवा गर्दा सबैभन्दा ठूलो पुन्य हुन्छ।' शाहीले अझै थपे, 'अभिभावकको स्वास्थ्यको निगरानी गर्नु हाम्रो दायित्व हो। चिसोका कारण कुनै जेष्ठ नागरिकले ज्यान गुमाउनु नपरोस भनेर न्यानो कपडा वितरण गरिएको हो।' न्यानो कपडा वितरण कार्यक्रम बैजनाथ १ चिसापानी, २ डिगिया, ३ वैरहवा, ४ बानियाभार, ५ बनकटुवा, ७ पेडारी र वडा नं ८ कार्यालयमा आयोजित गरिएको थियो। कार्यक्रममा बैजनाथ गाउँपालिकाका अध्यक्ष शाही, उपाध्यक्ष निर्मला रोकाय, सामाजिक विकास समिति संयोजक भुमिसरा राना, महिला, बालबालिका र जेष्ठ नागरिक शाखा प्रमुख लक्ष्मी ज्ञवाली ढकाल लगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो। बैजनाथ गाउँपालिकाले जेष्ठ नागरिकलाई निःशुल्क एम्बुलेन्स सेवा र निःशुल्क स्वास्थ्य बिमा पनि प्रदान गर्दै आएको उपाध्यक्ष निर्मला रोकायले जानकारी दिइन्।

# बाँकेमा रहेका प्रदेश कार्यालयको विकास खर्च नौ प्रतिशत मात्र

नमस्ते समचारदाता
नेपालगञ्ज, माघ/१०




चालु आर्थिक वर्षको ६ महिनामा बाँके जिल्लामा लुम्बिनी प्रदेश सरकारका कार्यालयको विकास खर्च निकै न्युन ९ प्रतिशत मात्र भएको पाइएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय बाँकेका प्रमुख कोष नियन्त्रक मोहन शरण भण्डारीले चालु आर्थिक वर्षको ६ महिनामा प्रदेश सरकार तर्फको पूँजीगत खर्च ९ प्रतिशत मात्रै भएको बताए। उनले सङ्घीय सरकारका कार्यालयको विकास खर्च भने ३७ प्रतिशत भएको बताए। बाँकेका प्रमुख कोष नियन्त्रक भण्डारीका अनुसार प्रदेश कार्यालयका लागि आर्थिक वर्षको २०८१/०८२ मा लुम्बिनी प्रदेश सरकारबाट पुँजीगततर्फ २ अर्ब २६ करोड ६५ लाख ९२ हजार रुपियाँ विनियोजन भएकोमा गएको ६ महिनामा २१ करोड आठ लाख ६३ हजार ७६९ रुपियाँ मात्र निकासा भएको छ। जिल्लामा रहेका प्रदेश कार्यालयका लागि चालु बजेटतर्फ १ अर्ब २८ करोड २५ लाख ५३ हजार ९०० रुपियाँ विनियोजन भएकोमा पुस मसान्तसम्म २८ करोड ९१ लाख १५ हजार ९५० रुपियाँ अर्थात् २३ प्रतिशत निकासा भएको पाइएको कोष नियन्त्रक भण्डारीले जानकारी गराए। ६ महिनामा ९ प्रतिशत मात्र पुँजीगत बजेट किन निकासा भयो भन्दै गरिएको जिज्ञासामा बाँकेका प्रमुख कोष नियन्त्रक भण्डारीले अघिल्लो आर्थिक वर्षको प्रमाणीकरण दायित्व भुक्तानीका लागि मन्त्रिपरिषदबाट निर्णय नभएको, चालु योजनाहरूको भुक्तानी समयमै नभएको लगायतका विभिन्न कारणले न्युन खर्च भएको जानकारी गराएका हुन। योजना कार्यान्वयन गर्ने समय रहेकाले अन्तिम सम्म सन्तोषजनक पूँजीगत खर्च हुने अपेक्षा गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय बाँकेले जनाएको छ। कोष तथा लेखा नियन्त्रण कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को पुस मसान्तसम्म बाँकेका सङ्घीय कार्यालयले ३७ प्रतिशत पुँजीगत बजेट खर्च गरेको पाइएको छ। चालु आर्थिक वर्षमा जिल्लाका सङ्घीय कार्यालयको पुँजीगत बजेट ६ अर्ब ९१ करोड ४९ लाख ५८ हजार पाँच सय रुपियाँ विनियोजन भएकोमा पुस मसान्तसम्म २ अर्ब ५४ करोड ६७ लाख दुई हजार ३४ रुपियाँ निकासा भएको छ। सोही प्रकारले सङ्घीय कार्यालयले चालु बजेटतर्फ ४९ प्रतिशत खर्च गरेको पाइएको छ। चालु बजेटतर्फ ११ अर्ब ८९ करोड ५५ लाख ९८ हजार आठ सय रुपियाँ विनियोजन भएकोमा ६ महिनामा ५ अर्ब ७७ करोड ४९ लाख ३ हजार २८१ रुपियाँ निकासा भएको प्रमुख कोष नियन्त्रक मोहन शरण भण्डारीले बताए। लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/०८२ को ६ महिनामा विकास बजेट १६ प्रतिशत खर्च गरेको छ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
सोरु गाउँपालिका
मुगु

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# आज शुक्रवारदेखि कोहलपुरमा दोस्रो प्याब्सन रनिङ शिल्ड हुदै

नमस्ते समचारदाता

कोहलपुर, माघ/१०

निजी तथा आवासीय बिद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) नगर समिती कोहलपुरको आयोजनमा आज शुक्रबारदेखी दोस्रो प्याब्सन रनिङ शिल्ड प्रतियोगिता हुने भएको छ। चार बिधाहरु (मार्शल आर्ट,फुटसल,भलिबल तथा एथलेटिक्स ) मा प्रतिस्पर्धा गराईने प्रतियोगिताको सबै तयारी पूरा भएको प्याब्सन नगर अध्यक्ष रमेस केसिले तेह्र बिगाह कोहलपुरम आयोजित प्रेस मिटमा बताएका हुन। स्वर्ण,रजत र कास्यका ८६/८६ मेडलका लागि हुने प्रतिस्पर्धामा यसपटक ५००० मिटर दौडमा सामुदायिक बिद्यालयको समेत सहभागीता रहने छ। कोहलपुर नगर भित्र रहेका २८ निजि बिद्यालयका अलावा छिमेकी पालिका बैजनाथका ६ बिद्यालयको समेत सहभागिता रहने दोस्रो रनिङ शिल्डमा माध्यमिक तर्फ छात्र छात्र भलिबल खेल रहने छ भने प्रायः खेलहरु आधारभुत तह लक्षियत रहेको अध्यक्ष केसिको भनाई छ।



बाँके क्षेत्र नं १ का माननीय सांसद सुर्य प्रसाद ढकालले उदघाटन गर्ने गरि तयारी गरिएको माघ ११ देखि १३ हुने नगर स्तरीय प्रतियोगिताको उदघाटनको दिन भोलि शुक्रबार रामजानकी स्कुल देखि प्रभातफेरी सहित कार्यक्रमको बिधिवत उदघाटन गरिने आयोजकले जनाएको छ। सचिवालय संयोजक हेम कुमर रावत रहेको प्रतियोगितामा फिल्ड मार्शल दिनेश सिग्देल रहेका छन भने फिल्ड सहायक मार्शल नबकिरण शाह रहेको आज आयोजित कार्यक्रममा आयोजकले जानकारी दिएको छ। प्याब्सनका जिल्ला सल्लाहकार केशर बहादुर आले,नगरका प्रमुख सल्लाहकार गोबिन्द सुवेदी, प्याब्सन बाँकेका निबर्तमान अध्यक्ष यम रावत नगर उपाध्यक्ष समीर घर्ती लगाएको उपस्थितिमा आयोजित प्रेस मिटमा कोहलपुरमा उपलब्ध डेढ दर्जन पत्रकारहरुको उपस्थिति रहेको थियो। फर्जी खेलाडी प्रतिबन्ध गर्न नगर शिक्षाको डिजिटल प्रबिधि, जन्म दर्ता एबं एसईईको प्रमाण हेरिने भन्दै केसिले गलत कार्य हुन नदिन आयोजक सचेत रहेको दाबी गरेका छन। बिद्यार्थीहरुलाई पठनपाठनबाट मात्र शिक्षा नदिएर उनिहरुको शारीरिक, मानसिक तथा संबेगात्मक बिकासमा समेत खेल क्षेत्र कोशेढुङ्गा हुने भन्दै प्याब्सनले हरेक बर्ष रनिङ शिल्डको आयोजन गर्दै आएको छ। १० लाख बजेट खर्च हुने अनुमान गरेको आयोजकले खेललाई भब्य र सभ्य बनाउन कोहलपुरमा रहेका सरोकारवाला, विद्यार्थी, अभिभावकसङ्ग अपिल गरेको छ। नगर सचिव मित्रलाल वलिको संचालनमा आयोजित प्रेस मिटमा बजेटको अधिकांश हिस्सा पुरस्कारमा खर्च गरिने बताईएको छ।

नमस्ते कर्णाली www.namastekarnali.com

हार्दिक शुभकामना

प्याब्सन कोहलपुरको आयोजनामा आजदेखि हुन गइरहेको दोस्रो प्याब्सन कोहलपुर रनिङ शिल्ड खेलकुद प्रतियोगिता-२०८१ को पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

निम्बल एकेडेमी कोहलपुर-११, बाँके
रामजानकी मा.वि. कोहलपुर-१०, बाँके
बालज्योति मा.वि. कोहलपुर-११, बाँके
बिभिएम सेकेण्डरी स्कुल कोहलपुर-६, बाँके
ग्रिनपिस मा.वि. कोहलपुर-१२, बाँके
एभरेष्ट सैनिक मा.वि. कोहलपुर-२, बाँके
गोरखा युनाइटेड पब्लिक स्कुल कोहलपुर-२, बाँके
साइनिङ स्टार मा.वि. कोहलपुर-८, बाँके
डाइनामिक मा.वि. कोहलपुर-१०, बाँके
ब्रिज इन्टरनेशनल स्कुल कोहलपुर-५, बाँके
जीवन ज्योती मा.वि. कोहलपुर-१०, बाँके
मनकामना पब्लिक एकेडेमी कोहलपुर-२, बाँके
कोहलपुर पाठशाला ई.मी.स्कुल कोहलपुर-२, बाँके
गुरूकुल शिक्षा सदन कोहलपुर-५, बाँके
समता स्कुल कोहलपुर-११, बाँके
बागेश्वरी एकेडेमी कोहलपुर-१०, बाँके
शिखा एकेडेमी कोहलपुर-८, बाँके
सेन्चुरी एजुकेशनल एकेडेमी कोहलपुर-२, बाँके
ग्रिनहिल एकेडेमी कोहलपुर-६, बाँके
मिसन पब्लिक स्कुल कोहलपुर-१४, बाँके
तक्षशिला एकेडेमी कोहलपुर-१०, बाँके
नमुना विद्या सदन कोहलपुर-८, बाँके
क्यानभास बोर्डिङ स्कुल कोहलपुर-८, बाँके
दिपज्योती विद्या निकेतन बैजनाथ, डिगिया, बाँके

नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके